भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



लकडाउले भुटानि शरणार्थी भोकै

Source: The Rising Nepal




## कोरोना रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउन सरकारले स्थानीय तहमा रोक्का गरेका १४ बजेट शिर्षक:



- सेवा र परामर्श खर्च
- सवारी साधन
- कर्मचारी तालिम खर्च
- मेशिनरी तथा औजार
- कार्यक्रम खर्च
- कम्प्युटर सफ्टवेयर तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पती प्राप्ति खर्च
- सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च
- फर्निचर तथा फिक्चर्स
- विविध कार्यक्रम खर्च
- पुजीगत अनुसन्धान तथा परामर्श
- अनुगमन, मुल्यांकन खर्च (अति आवश्यक बाहेक)
- जग्गा प्राप्ति खर्च
- भैपरी आउने चालु खर्च
- भैपरी आउने पुँजीगत खर्च

# हल्ला - तथ्य



सबैजसो स्थानीय तहहरुले अहिले राहत वितरण गरिरहेकाछन् । राहत वितरण गर्ने पैसा कहाँबाट आउछ ? त्यो त हाम्रै विकास बजेट काटेको हो भन्छन् नि ।

लकडाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गिय व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सबै स्थानीय तहले चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट रकमान्तर गरी कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गरेर राहत वितरण गर्ने भनेर मन्त्रिपरिषदको निर्णयले स्थानीय तहलाई निर्देशन दिइको छ । त्यसै गरेर, बिनियोजित बजेट मध्ये २०७६ चैत्र २० सम्म दायित्व सृजना भइसकेका र बोलपत्र आह्वान भइसकेका बाहेक बाँकी रहेको बजेट तत्काल लागु नहुने गरी सरकारले रोकेको छ ।



सरकारले लकडाउनमा अझै कडाई गर्‍यो भन्छन नि । कस्तो कडाई गरेको हो ?

यस अघि बाहिरबाट आएका व्यक्तिहरुमात्र कोरोनाको संक्रमण देखिएको थियो । हाल देश भित्रै एकजना संक्रमितबाट अर्को व्यक्तिमा सरेको पाईएकोले यसलाई नियन्त्रण गर्न एक प्रदेशबाट अर्को प्रदेश, एक जिल्लाबाट अर्को जिल्ला र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा आवतजावतमा कडाई गर्ने निर्णय सरकारले गरेको छ ।



नेपालीहरुले बिसिजि खोप लगाएका कारण नेपालीलाई कोरोना भाईरस सर्दैन भन्ने हल्ला छ ।

बिसिजि खोपसंग कोरोना भाईरसको कुनै सम्बन्ध छैन । यो नितान्त नयाँ भाईरस हो । नेपालमा बालबालिकालाई अनिवार्य लगाउने बिसिजि खोपले कोरोनाको संक्रमण हुन नदिएको तर्कमा कुनै सत्यता छैन । हालको अवस्थामा यसबाट जोगिन घरमै बस्ने, सामाजिक दुरी कायम राख्ने र नियमित हात धुने उपयुक्त बिकल्प हुन् ।



राहत बाड्ने नाममा मान्छेहरुको आवतजावत बढिरहेकोछ । यसले कोरोना भाईरस फैलिने सम्भावना बढिरहेकोछ भनिदैछ । यो विषयमा सरकारले के गरेको छ ।

सरकारले राहत वितरणको समन्वय गर्न स्थानीय तहलाई जिम्मेवारी दिएको छ । कुनै संघसंस्थाले सहयोग गर्न चाहेमा उसले सम्बन्धीत स्थानीय तहसंग समन्वय गर्नुपर्नेछ । आफु खुसी कुनैपनि व्यक्ति वा संघसंस्थाले राहत वितरणको नाममा भिडभाड नगर्नु भनेर सरकारले सूचना जारी गरेको छ । त्यस्तो गर्ने व्यक्ति वा संघसंस्थालाई सरकारले कानुन बमोजिम कारवाही गर्नेछ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| २,३८५ संक्रमित | ५५६ संक्रमित | ६९८ संक्रमित | १३२५ संक्रमित | १,५०५ संक्रमित | २९८ संक्रमित | ३,४८४ संक्रमित | १०,२३७ संक्रमित |
| ४ नेपाली संक्रमित | २ नेपाली संक्रमित | १२ नेपाली संक्रमित | | ११ नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

ShramikSanjal

## कुवेतबाट श्रमिकको सरकारसँग अनुरोध

कुवेत सरकारले अवैधानिकरुपमा बसेका सबै श्रमिकलाई बिना जरीमाना माफ दिने भएको छ । कुवेतमा लगभग संसारभरीका २ लाखको हाराहारीमा अवैधानिकरुपमा बसोबास गरीरहेका श्रमिक मध्ये लगभग ९ हजार जती नेपाली छन् । कुवेत अवैधानिक रुपमा बसेका श्रमिकलाई माफिकालागि बिभिन्न मिति तोकेको छ । सो मिति अनुसार उनिहरुले आफ्नो नाम टिपाउन सक्नेछन् । नेपालीकोलागी यो मिति अप्रिल २५ देखी ३० सम्म रहेको छ ।

आफ्नो नाम टिपाएपछी उनिहरुलाई कुवेत सरकारले नै आफ्नो क्याम्पमा लानेछ । यात्रा मिति तय नहुँदासम्मको लागी खान बस्नको सुबिधा सहित राख्नेछ भने उडान तय भैसकेपछी कुवेत सरकारको आफ्नै खर्चमा कामदारको आफ्नो देशसम्म पुऱ्याइदिने छ ।

अन्य अवस्थाहरुमा श्रमिक अवैधानिक रुपमा बसेर आम आफी दिँदा अर्को पटक आउन नमिल्ने नियम हुन्थ्यो भने, यो आममाफीमा चाहिँ आप्रवासी कामदारलाई कुनै रोकतोक नगरीने भनिएको छ । यसको मतलब कुनै पनि कामदार चाहेको बेलामा पुन: कुवेत आउन पाउँछ र वैधानिक रुपमा काम गर्न सक्छ ।



### कुवेतमा अवैधानिक रुपमा बसेका हजारौ नेपाली श्रमिकलाई सहयोग पर्ने दुई सरकारी निर्णय:

- सरकारले कुवेतबाट नेपाल हवाई उडानको स्विकृती दिने ।
- नेपाल फिर्ता भएका कामदारलाई १४ दिन क्वारेनटाईनमा राख्ने व्यावस्था गर्ने । कुवेतमा बसेका श्रमिक यो अवस्थामा स्वदेश फर्किन पाए क्वारेनटाईनमा बस्दा लाग्ने खर्च आफै पनि व्यहोर्न सक्छन् । त्यसकोलागि सरकारले व्यवस्थापनमात्र गरिदिए पुग्छ ।



accountabilitylab NEPAL

सही सूचना

# के सरकारले स्वास्थ्य सामाग्रीको खरिद गर्दा खरिद नियमावलीको पालना गरेको छ ?

चलनचल्तीको बजार मुल्य | खरिद मुल्य




औषत **५४६%** मुद्रास्फीति दर

सरकारलाई **६८ करोड रुपैयाँ** सम्मको घाटा

माथिको चार्टले स्वास्थ्य सामाग्रीको चलनचल्तीको बजार मुल्य र सरकारले ओम्नी ग्रुपसंग गरेको खरिद सम्झौता बमोजिमको मुल्यको तुलनात्मक सम्बन्ध देखाउछ । औसतमा खरिद मुल्य चलनचल्तीको बजार मुल्य भन्दा ५४६% बढी छ भने कुनैकुनै समानको खरिद मुल्य २००० % ले नै बढी छ । यद्यपी सम्झौता भंग भइसकेको अवस्था छ, तर पनि खरिद प्रकृयामा प्रश्न उठाउने थुप्रै ठाउँहरु छन् । यो गल्तीबाट नेपाल सरकारले पाठ सिक्न जरुरी छ ।

## फलो द मनी

### बहुपक्षिय दातृसंस्थाहरु

- ए.डि.बि. करिव ७ अर्ब २० करोड
- विश्व बैंक करिव ३ अर्ब ४८ करोड
- आई.एम.एफ. करिव १३ अर्ब ९ करोड

### जम्मा रकम

करिव १.६ खर्व रुपैयाँ



खर्च खै ??

### नेपाल सरकारले छुट्याएको

- करिव १ खर्व ३८ अर्ब रुपैयाँ — संघिय सरकार
- करिव १ अर्ब ६ करोड रुपैयाँ — प्रदेश सरकार

# कोभिड - १९ महामारीको समयमा चिकित्सकले पालना गर्नुपर्ने व्यवसायिक नैतिकता



- बिरामिको सेवा गर्नु र समग्रमा अस्पताल प्रशासन, स्वास्थ्य सेवा प्रणाली, सहकर्मी र समुदायलाई सहयोग गर्नु चिकित्सकको कर्तव्य हो ।
- आफ्नो स्वास्थ्यको सुरक्षा आफै गर्नु चिकित्सकको कर्तव्य हो, जसले गर्दा उनिहरु अरुलाई सेवा दिन सक्छन् र परिवार, नातेदार र साथीभाईको हितमा कामगर्न सक्छन् ।
- कोभिड - १९ महामारीको रोकथाम, उपचार, व्यवस्थापन लगायत अन्य पक्षको बारेमा जानकार हुनु चिकित्सकको कर्तव्य हो ।
- बिरामी, अन्य स्वास्थयकर्मी, परिवारका सदस्य र आफ्नै जोखिम कमगर्नु चिकित्सकको दायित्व हो ।
- उपयुक्त उपायको खोजी गरी रोगको संक्रममण फैलिनबाट रोक्नु चिकित्सकको दायित्व हो ।
- चिकित्सकहरुले आफ्नो सम्झौता सर्त अनुसार काम गर्नुपर्दछ र साथसाथै व्यक्ति तथा समुहको मानव अधिकारको सम्मान गर्नुपर्दछ ।
- चिकित्सकहरुले रोगको संक्रमणलाई फैलन नदिन व्यक्तिगत  स्वायत्तता विरुद्ध सार्वजनिक स्वास्थ्यको आवश्यक सर्त सन्तुलन गर्न आवश्यक छ ।
- चिकित्सकहरुले सम्बन्धीत सरोकारवालाहरुले (सरकारी निकायहरु, स्वास्थ्य मन्त्रालय आदि) गरेका निर्णय र उनिहरुको जोखिम र फाईदाको मुल्यांकनको सम्मान गर्नुपर्दछ ।

## सरकार र स्वास्थ्य सेवा प्रदायकको स्वास्थकर्मि प्रतिको जवाफदेहिता:



- पेशागत सुरक्षा सम्बन्धी जानकारी, निर्देशन र तालिम दिने, संक्रमण रोकथाम र व्यक्तिगत सुरक्षा उपकरण (पिपिइ) को प्रयोग सम्बन्धी तालिम दिनु पर्दछ ।
- स्वास्थ्य सेवामा खटिने कर्मचारीलाई प्रयाप्त मात्रामा आईपिसि र पिपिइ उपलब्ध गराउनु पर्दछ ।
- यदि कुनै बिरामीको रगत बगिरहेको, स्वासप्रस्वासमा समस्या भईरहेको, हिंसा सम्बन्धी केस वा तुरुन्त हेर्नुपर्ने केसमा चिकित्सकलाई आरोप रहित वातावरण दिनुपर्दछ ।
- यदि कुनै स्वास्थ्यकर्मीलाई उनिहरुको स्वास्थ्य तथा जिवनलाईनै खतरा महसुस भईरहेकोछ भने उनिहरुलाई जिम्मेवारीबाट मुक्तहुने अधिकार दिनुपर्दछ ।
- यदि जिम्मेवारीकै शिलशिलामा कुनै स्वास्थ्यकर्मि कोरोना भाईरसबाट संक्रमित भए भने उनिहरुलाई उपयुक्त क्षतिपुर्ति सहित पुनर्स्थापना र उपचारात्मक सुविधा उपलब्ध गराउनु पर्दछ ।

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 01-4429584